**बेलका नगरपालिकाको मिति २०८०/१०/०७ गते बसेको चौधौ नगर कार्यपालिका बैठकका निर्णयहरु**

प्रस्तावहरु

१. नदिजन्य पदार्थ उत्खनन् संकलन र बिक्रिबितरण सम्वन्धि नियमनका लागि नियमन तथा सहजिकरण समिति गठन गर्ने वारे ।
२. नदिजन्य पदार्थ उत्खनन् संकलन र बिक्रिबितरण सम्वन्धि नियमनका लागि म्यादी नगर प्रहरी नियुक्ति गर्ने सम्वन्धमा ।
३. नगर शिक्षक र करार तथा दैनिक ज्यालादारी कर्मचारीको ब्यवस्थापन गर्ने सम्वन्धमा ।
४. बर्षातको समयमा कोशी नदिको तत्काल विपद ब्यवस्थापन गर्न कोठु खोलावाट विग बोल्डर लगि हालेको ढुङ्गाको भुक्तानी माग सम्वन्धमा ।
५. बेलका नगरपालिकामा दरवन्दि रहि कामकाजका लागि अन्यत्र जानु भएका कर्मचारी फिर्ता बोलाउने सम्वन्धमा ।

निर्णयहरु

<u>निर्णय नं. १</u>

क. बेलका नगरपालिका हुदै बहने नदि तथा खोलाहरुको वातावरणीय अध्ययन पश्चात उत्खनन् संकलन तथा बिक्रि वितरणको ठेक्का ब्यवस्थापनक्रममा रहेकोले नदिजन्य पदार्थको उत्खनन् संकलन बिक्रिवितरण तथा निकासि कार्यलाई ब्यवस्थित र सहज वनाउन उत्खनन् हुने खोला रहेको वडाध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको वडास्तरिय नदिजन्य पदार्थ सहजिकरण समिति वडा कार्यालयले गठन गर्ने ।

<u>तपसिल</u>

संयोजक – सम्वन्धित वडाको वडाध्यक्ष
सदस्य – वडा सदस्यहरु सवै
सदस्य – सम्वन्धित खोला हेर्ने सव डिभिजन वन कार्यालयको प्रमुख वा प्रतिनिधि
सदस्य – नजिकमा रहेको प्रहरी चौकीको प्रमुख वा प्रतिनिधि
सदस्य – राष्ट्रिय मान्यता प्राप्त दलका वडास्तरिय प्रमुख वा प्रतिनिधि
सदस्य – सम्वन्धित क्षेत्रको सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष वा तोकेको प्रतिनिधि
सदस्य – उत्खनन् हुने खोला रहेको क्षेत्रका टोल विकास संस्थाका अध्यक्ष वा तोकेको प्रतिनिधि

सम्वन्धित वडा समितिले आवस्यकता अनुरुप थप अन्य सदस्य तोक्न सक्नेछ ।

पुरुषोत्तम घिमिरे
प्रशासकीय अधिकृत

अशोक कार्की
नगर प्रमुख

ख. बेलका नगरपालिका हुदै बहने नदि तथा खोलाहरुको वातावरणीय अध्ययन पश्चात उत्खनन् संकलन तथा बिक्रि वितरणको ठेक्का ब्यवस्थापनक्रममा रहेकोले नदिजन्य पदार्थको उत्खनन् संकलन बिक्रिवितरण तथा निकासि कार्यलाई ब्यवस्थित र सहज वनाउन उत्खनन् हुने खोला रहेको वडाध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको नदिजन्य पदार्थ अनुगमन समिति वडा कार्यालयले गठन गर्ने ।

<u>तपसिल</u>

संयोजक – संवन्धित वडाको वडाध्यक्ष
सदस्य – वडा सदस्यहरु सवै
सदस्य – सम्वन्धित खोला हेर्ने सव डिभिजन वन कार्यालयको प्रमुख वा प्रतिनिधि
सदस्य – नजिकमा रहेको प्रहरी चौकीको प्रमुख वा प्रतिनिधि
सदस्य – वडाध्यक्षले तोकेको उत्खनन् हुने खोला नजिकको टोल विकास संस्थाको प्रमुख वा प्रतिनिधि
सदस्य – सम्वन्धित वडाको वडा सचिव

वडा समितिले आवस्यकता अनुसार थप अन्य सदस्य तोक्न सक्नेछ ।

ग. नगरस्तरिय सहजिकरण समिति

संयोजक – नगर प्रमुख
सदस्य – नगर उप प्रमुख
सदस्य – प्रमुख प्रशासकीय अधिकृत
सदस्य – वन वातावरण तथा विपद ब्यवस्थापन समितिको संयोजक
सदस्य – वडाध्यक्षहरु सवै
सदस्य – डिभिजन वन कार्यालय गाईघाटका प्रमुख वा तोकेको प्रतिनिधि
सदस्य – ईलाका प्रहरी कार्यालय रामपुरको प्रमुख वा प्रतिनिधि
सदस्य – संशस्त्र प्रहरी वल रामपुर बेशक्याम्पको प्रमुख वा प्रतिनिधि
सदस्य – राष्ट्रिय अनुसन्धान कार्यालयवाट बेलका हेर्ने तोकिएको कर्मचारी
सदस्य – राष्ट्रिय मान्यता प्राप्त दलका नगरस्तरिय प्रमुख वा प्रतिनिधि
सदस्य – राजस्व शाखा प्रमुख

घ. नगरस्तरिय अनुगमन समिति

संयोजक – नगर प्रमुख
सदस्य – नगर उप प्रमुख
सदस्य – प्रमुख प्रशासकीय अधिकृत
सदस्य – वन वातावरण तथा विपद ब्यवस्थापन समितिको संयोजक
सदस्य – उत्खनन् हुने खोला रहेको वडाका वडाध्यक्ष
सदस्य – सव डिभजन वन कार्यालयका प्रमुख वा प्रतिनिधि
सदस्य – ईलाका प्रहरी कार्यालय रामपुरको प्रमुख वा प्रतिनिधि
सदस्य – सशस्त्र प्रहरी वल रामपुर बेशक्याम्पको प्रमुख वा प्रतिनिधि

सदस्य – राष्ट्रिय अनुसन्धान कार्यालयवाट बेलका हेर्ने तोकिएको कर्मचारी

सदस्य– राजस्व शाखा प्रमुख

निर्णय नं. २

नदिजन्य पदार्थको नियमन कार्यको लागि नगरपालिकाले तपसिल बमोजिम करारमा म्यादी नगर प्रहरी ब्यवस्थापन गर्ने र तोकिएको सेवा सुविधा उपलब्ध गराउने ।

तपसिल

म्यादी नगर प्रहरी संख्या – १० जना (महिला ३ जना र खुल्ला ७ जना )

करार सेवा अवधि – सम्झौता भएको मितिवाट मिति २०८१ जेष्ठ मसान्त सम्म मात्र ।

छनौट विधि – १५ दिनको सुचना प्रकाशित गरि प्राप्त आवेदन संकलन गरि प्रारम्भिक छनौट गरि ईलाका प्रहरी कार्यालय रामपुरलाई शारिरीक परिक्षणका लागि अनुरोध गर्ने र सो पश्चात बेलका नगरपालिकाको करारमा कर्मचारी नियुक्ति गर्ने कार्यविधि बमोजिम छनौट गरी नियुक्त गरी कार्यविवरण सहित नियुक्ति गर्ने ।

कार्य जिम्मेवारी – नगरपालिकावाट उपलब्ध गराएको कार्य विवरण बमोजिम ।

उपलब्ध गराईने सेवा सुविधा – मासिक पारिश्रमिक रु २००००।– खाजा खर्च रु २०००।– सञ्चार खर्च रु १०००।–

म्याद अवधिको म्यादी नगर प्रहरीको परिचय पत्र १ थान खुकुरी १ थान लौरो १ जोर जुत्ता १ थान सामान्य मोवायल १ थान सिटी १ जोर युनिफर्म उपलब्ध गराईनेछ ।

निर्णय नं. ३

गत श्रावण भाद्रमा सप्तकोशी नदिमा आएको बाढीका कारण सम्भावित जोखिम रोकथामका लागि नगर प्रमुखको आदेशानुसार कोठु खोलाको विग बोल्डर लगि सप्तकोशी नदिको कटान क्षेत्रमा हालि तत्कालको जोखिम न्युनिकरण गरिएको हुदा सव कार्यमा भएको खर्च रकम सम्वन्धमा वडा नं. ३, ८ र ९ वाट सो कार्यमा भएको खर्च सम्वन्धमा किटानी सर्जिमिन मुचुल्का प्राप्त भए पश्चात स्थलगत मुचुल्का तयार गरी भए गरेको कार्यको मुल्यांकनका लागि जिल्ला विपद ब्यवस्थापन समिति समक्ष अनुरोध गर्ने र मुल्यांकन पश्चात भुक्तानी दिने ।

निर्णय नं. ४

बेलका नगरपालिकामा रहेका नगर शिक्षकको सम्वन्धमा सामाजिक विकास समितिले अध्ययन गरी २०८० फागुन मसान्त भित्र प्रतिवेदन पेश गर्ने । नगरपालिका र मातहत रहेका करार र दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीको हकमा सुशासन समितिले अध्ययन गरि मिति २०८० चैत्र मसान्त भित्र प्रतिवेदन पेश गर्ने । प्रतिवेदन माथि नगर कार्यपालिकाको बैठकवाट आवस्यक निर्णय गर्ने ।

निर्णय नं. ५

बेलका नगरपालिकामा दरवन्दि रहि कामकाजका लागि अन्यत्र कामकाज गर्न जानु भएका शिक्षा अधिकृत श्री सुनिल निरौलालाई फिर्ता बोलाउन सम्वन्धित निकायलाई अनुरोध गर्ने ।

# बेलका नगरपालिकाको मिति २०८०/०९/२५ गते बसेको चौधौ नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १

बेलका नगर कार्यपालिकाको मिति २०८०/०९/२५ गते बसेको पन्ध्रौ नगर कार्यपालिकाको बैठकवाट सिफारिस भए बमोजिम तपसिल बमोजिमका आ.व. २०८०/८१ का वजेट तथा कार्यक्रम तोकिएको सिमा भित्र बसी तपसिल बमोजिमको संसोधन गर्न स्विकृती माग भएको सम्वन्धमा तपसिल बमोजिम गर्ने ।

विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट प्राप्त तपसिल बमोजिमका संसोधन गर्ने गरी प्राप्त योजनाको संसोधनका लागि नगरसभामा स्विकृतार्थ पेश गर्ने ।

| हाल भएको योजना तथा कार्यक्रम | संसोधित कार्यक्रम | संसोधन गर्नुपर्ने कारण |
|---|---|---|
| सरस्वति आ.वि. भालमन्तिको भवन मर्मत खर्च रु १०००००।– बेलका १ | सरस्वति आ.वि. बेलका १ को लागि कम्प्युटर प्रिन्टर खरिद तथा हस्तान्तरण रु १०००००।– | विद्यालयको आवस्यकता तथा वडा नं १ कार्यालयको सिफारिस बमोजिम पुजिगत वाट पुजिगतमा । |
| सडक तथा ट्रस पुल निर्माणका लागि डिपिआर तयारी परामर्श सेवा बेलका २ रकम रु २०००००।– | रामनगर आ.बि. कक्षा कोठा निर्माण योजनामा रु २०००००।– थप गर्ने | वडा समितिको सिफारिस बमोजिम |
| वडा भित्रका मुल तथा शाखा सडकहरु मर्मत बेलका २ रु ५००००० | २ नं. वडा कार्यालय घेराबेरा गेट तथा पार्किङ्ग स्थल निर्माण रु ५०००००।– | वडा समितिको सिफारिस अनुसार |
| रंगिया खोला र गिदेरी खोला कटान नियन्त्रण बेलका २ रु १५०००० | पूर्वाधार साझेदारी विकास कार्यक्रम रु १५००००।– | वडा समितिको सिफारिस अनुसार |
| विपदमा परेकालाई राहत र उद्दार कार्यक्रम वडा नं २ रु ९००००।– | विपद ब्यवस्थापन रु ५००००।–<br>कार्यालय संचालन खर्च रु ४००००।– | वडा समितिको सिफारिस अनुसार |
| धारा खोला र पथ्रा खोला किनारामा बृक्षारोपण बेलका २ रु १००००० | विभिन्न खेल कला संस्कृति धर्म सहयोग कार्यक्रम रु १०००००।– | वडा समितिको निर्णयानुसार |
| बेलका २ जामपानी निकास कार्यक्रम रु ४५०००० | विपद ब्यवस्थापन रु ४५०००० | वडा समितिको निर्णयानुसार |
| वडा नं. ३ को वडाका सम्पुर्ण सडक मर्मत रु ५००००० | नमूना टोल बाटो स्तरोन्नती रु ५००००० | अन्य श्रोतवाट वडाका सडक मर्मत गरिएको र नमुना टोल बाटो स्तरोन्नती आवस्यक देखिएकोले पुजिगतवाट पूजिगतमा । |
| बेलका ४ को सिसि क्यामेरा जडान रु १५००००।– | वडा नं. ४ मा सडक बत्ति जडान रु १५००००।– | वडा समितिको सिपारिस बमोजिम |
| बेलका ४ वडाध्यक्ष साना पूर्वाधार विकास कार्यक्रम ५००००।– | वडा नं. ४ मा सडक बत्ति जडान रु ५००००।– | वडा समितिको सिफारिस बमोजिम |
| बेलका ६ पुवारेथुम्का साकेला थान घेराबेरा रु १००००० | पुवारेथुम्का शिव मन्दिर घेराबेरा रु १०००००। | वडा समितिको सिफारिस बमोजिम |
| वडा नं. ६ विपद ब्यवस्थापन तथा मर्मत सम्भार रु ५००००० | सडक मर्मत योजना रु २२००००।– | वडा समितिको सिफारिस बमोजिम |
| वडा नं ६ वडाध्यक्ष साना पुर्वाधार विकास कार्यक्रम रु १००२००० | १. वडा सेवा कार्याल घेराबेरा २५००००<br>२. कैयाकोरी लामादिबुङ्ग टंकेला गुफा जोडने सडक रु ५०००००<br>३. अतिथि गृह भवन मर्मत तथा ब्यवस्थापन रु १०००००<br>४. तित्रिबोटे खोपकेन्द्र मर्मत रु ५०००० | वडा समितिको सिफारिस बमोजिम |
| वडा नं. ६ कृषि सचेतना कार्यक्रम रु १५००००।– | १. पशुपालन सचेतना कार्यक्रम १०००००<br>२. कृषि सचेतना कार्यक्रम ५०००० | वडा समितिको सिफारिस बमोजिम |
| वडा नं. ७ विपदब्यवस्थापन ५००००० | मायुङ्टार दिलुङ्टार जोड्ने सडक २५०००० | वडा समितिको सिफारिस बमोजिम |

...म घिमिरे ...अधिकृत

...क कार्की

| | | |
|---|---|---|
| वडा नं. ७ वडाध्यक्ष साना विकास योजना ४०६००० | नाम्केसा मायुङ्टार जोड्ने सडक रु १५०००० | वडा समितिको सिफारिस बमोजिम |
| वडा नं. ७ चोङाहाङ बाखाबुवा जोड्ने सडक ५००००० र बाटो वडा नं ७ को बाटो मर्मत ५००००० | कान्चिराङ्ग मा.वि.को लागि जग्गा खरिद १०००००० | वडा समितिको सिफारिस बमोजिम |
| वडा नं.७ हिमकला आ.वि. भवन मर्मत ८००००।- | हिमकला आ.वि. शौचालय मर्मत ८००००।- | वडा समितिको सिफारिस बमोजिम |
| वडा नं. ८ ह्युम पाइप खरिद १००००० र बालबालिका सचेतना कार्यक्रम ५०००० | सेतिखोला कटान नियन्त्रण १५०००० | वडा समितिको सिफारिस बमोजिम |
| वडा नं. ८ महानेपा सडक कल्भर्ट निर्माण योजना १००००० | महानेपा सडक कल्भर्ट तथा नाली निर्माण १००००० | वडा समितिको सिफारिस बमोजिम |
| वडा नं. ८ सोमबारे माचुङटार सडक स्ल्याब तथा नाली निर्माण १००००० | सोमबारे माचुङटार सडक नाली मर्मत १००००० | वडा समितिको सिफारिस बमोजिम |
| वडा नं. ८ जनता आ.वि. आराङ्गा जस्तापाता खरिद ५०००० | जनता आ.वि. आराङ्गा मर्मत संभार ५०००० | वडा समितिको सिफारिस बमोजिम |
| वडा नं. ९ सडक निर्माण तथा मर्मत ४००००० र होम पाइप खरिद २००००० | सिमलटार टोल विकास संस्थाको खारखोलामा स्याल कल्भर्ड निर्माण ६००००० | वडा समितिको सिफारिस बमोजिम |
| मसलन्द ताथ कार्यालय सामाग्री रु ५०००००० | कार्यालय सामाग्री ४०००००० <br> मेसन औजार ईलेक्रटोनिक्स सामाग्री खरिद १००००००।– | आ.व. २०८०/८१ को वजेट तथा कार्यक्रममा एकमुष्ट राखिएकोले कार्यालयको आवस्यकता अनुसार विन्यास गरिएको । |
| संघिय समपुरक साझेदारी रु ३५००००० <br> भारतिय दुतावास विद्यालय निर्माण रु ५००००००।– | क.कर्मचारी पारिश्रमिक तथा सुविधा २५०००००।– <br> ख. परामर्श सेवा १००००००।– <br> ग.बिद्धुत महशुल रु १००००००।– <br> घ.संचार महशुल रु५०००००।- <br> ङ.देउराली आ.वि.गलेनी अधुरो काम रु २००००० <br> च.भौतिक पुर्वाधार योजनाहरुको परिक्षणका लागि ल्याव सामाग्री खरिद तथा सेटअप रु१०००००० <br> छ.माझी जातीको देवालय निर्माण रु ३००००० <br> ज. मैनामैनीमा प्रहरी चौकी स्थापना सहयोग रु२०००००। <br> झ. बेलका २ को रामनगर आधारभुत विद्यालयलाई डेक्स बेन्च खरिद रु १०००००।– <br> ञ. आम्बासी शहरी स्वास्थ्य केन्द्र निर्माण/मर्मत रु ३०००००।– <br> ट. नदिजन्य पदार्थ नियमनका लागि नियुक्ति हुने म्यादी नगर प्रहरीको सेवा सुविधा र सूचना बोर्ड निर्माण रु १४००००० | प्रदेश लोकसेवावाट थप भई आउनु भएका कर्मचारीसमेतको पारिश्रमिक भुक्तानी गर्न आवश्यक गरिएको । वडा न ३ को कोशी जनता मावि को डिपिआआर र माटो परिक्षण तथा सिसुवा खोलाको आईई प्रयोजनार्थ आवस्यक भएकोले । सञ्चार शिर्षकमा विनियोजन छुट भएको तथा विदयुत महशुलमा रकम अपुग हुने भएकोले । भौतिक पुर्वाधार ल्याव अत्यावस्यक रहेको र मैनामैनीमा अस्थायी प्रहरी चौकी स्थापना हुने भएकोले आवस्यक ब्यवस्थापन सहयोग गर्ने प्रयोजनार्थ र राम नगर आधारभुत विद्यालयमा बिद्यार्थि संख्याको आधारमा डेक्स बेन्च अभाव भएकोले । |
| बेलका नगरपालिका वडा नं ८ को वडाध्यक्ष साना विकास कार्यक्रम रु ५००००० | १. महानेपा सडक कल्भर्ट तथा नाली निर्माण रु १००००० <br> २. आराङ्गा खेल मैदान निर्माण मर्मत रु १००००० <br> ३. कृषि तथा पर्यटन प्रवर्धन को लागि अध्ययन अवलोकन भ्रमण रु १००००० <br> ४. देउसावारी सडक निर्माण रु ५००००।– <br> ५. उपभोक्ता साझेदारी ६०/४० रु ५००००।– | वडा समितिको निर्णयानुसार |
| नगर परिषरमा शहिद पार्क तथा बाल उद्यान निर्माण रु १००००००।– | नगर परिषरमा शहिद पार्क तथा बाल उद्यान निर्माण रु ७०००००।– <br> नगर परिषरमा बालवालिका पुस्तकालय र स्तनपान कक्ष निर्माण/मर्मत सम्भार रु ३०००००।– | नगर कार्यपालिकाको निर्णयानुसार |
| प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत थप गर्ने | रंगमहल बोप्ताङ्ग पदमार्ग निर्माण | वडा समितिको निर्णयानुसार |

निर्णय नं. २

सुशासन समितिमा छलफल भई नगर कार्यपालिका मार्फत पेश भएको बेलका नगरपालिकाको आन्तरिक नियन्त्रण ब्यवस्थापन मापदण्ड, २०८० अनुमोदनका लागि नगरसभामा पेश गर्ने । (संलग्न अनुसूचि १ बमोजिम रहेको)

निर्णय नं. ३

स्थानीय तह क्षमता स्वमुल्याकन प्राप्ताङ्क ( ७२.२५) अंक संलग्न प्रतिवेदन अनुमोदनका लागि पेश गर्ने । (संलग्न अनुसूचि २ बमोजिम रहेको)

निर्णय नं ४

श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिवाट आ.व. २०८१/८२ को लागि पेश भएको आय तथा ब्ययको प्रक्षेपण ( रु ७६,६१,२०,०००।–) अनुमोदनका लागि पेश गर्ने । (संलग्न अनुसूचि ३ बमोजिम रहेको )

निर्णय नं ५

बेलका नगरपालिका वडा नं. ९ मा निर्माणको क्रममा रहेको अधुरो आदर्श भवनको पुर्णताको लागि वजेट तथा कार्यक्रम माग भई आए बमोजिम आगामी वर्षको वजेट तथा कार्यक्रममा समावेश गर्न सहमति माग गर्ने ।

निर्णय नं ६

बेलका नगरपालिकाले नव प्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रतिवद्धता ब्यक्त गरे बमोजिम आवस्यक वजेट आगामी नगरसभावाट ब्यवस्थापन गर्न सहमति माग गर्ने ।

निर्णय नं ७

बेलका नगरपालिकाले प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्विकृत गरी ठेक्का ब्यवस्थापनका लागि प्रकाशित सूचना बमोजिम डिभिजन वन कार्यालय तथा राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति वाट थप संसोधित विवरणहरु प्राप्त भएमा सोही बमोजिम ठेक्का ब्यवस्थापन संसोधन गर्ने सहमति माग गर्ने ।

निर्णय नं ८

नेपाल सरकारको विशेष अनुदान अन्तरगत ठेक्का ब्यवस्थापन हुन लागेको रामपुर खानेपानी आयोजनाको बहुवर्षिय ठेक्का आह्वान गर्ने र नेपाॅल सरकारवाट प्राप्त रकम नपुग भएमा बेलका नगरपालिकावाट ब्यवस्थापन गर्न गरि बजेट तथा कार्यक्रम ब्यवस्थापनका लागि सहमति माग गर्ने ।

निर्णय नं ९

बेलका नगरपालिका वडा नं. ६ मा निर्माण हुने बबला स्वास्थ्य चौकी निर्माणका लागि लागत अनुमान अनुसार सूचना प्रकाशन गर्न सहमति दिने र थप आवश्यक पर्ने वजेट ब्यवस्थापन गर्न सहमति माग गर्ने ।

निर्णय नं १०

नगर शिक्षक ब्यवस्थापनका लागि अध्ययन गरि प्रतिवेदन पेश गर्न सामजिक विकास समिति र अस्थायी करार र ज्यालादारी कर्मचारी ब्यवस्थापनका अध्ययन गरि प्रतिवेदन पेश गर्न सुशासन समितिलाई जिम्मेवारी दिन नगरसभालाई अनुरोध गर्ने । सामाजिक विकास समितिले २०८० फागुन मसान्त भित्र र सुशासन समितिले २०८० चैत्र मसान्तसम्म प्रतिवेदन पेश गर्ने समयावधि प्रदान गर्न गरि हुन सहमति माग गर्ने ।

निर्णय नं ११

बेलका नगरपालिका वडा नं. ६ मा १० शैयाको अस्पताल निर्माणका लागि साविकमा भएको ठेक्का ब्यवस्थापन टर्मिनेट गर्ने र जग्गा प्राप्ति पश्चात पुन ठेक्का ब्यवस्थापन गर्न सहमति माग गर्ने ।

निर्णय नं १२

भूतिया दह पर्यटकीय क्षेत्रको लागि वजेट ब्यवस्थापन नभएकोले पुन पर्यटन मन्त्रालयलाई वजेट माग गर्ने अनुरोध गर्ने ।

निर्णय नं १३

बेलका नगरपालिका वडा नं ४ र ६ मा वनेको झोलुङ्गे पुलको तेश्रो पक्ष मुल्यांकन गराई भुक्तानी दिने र सो को सोधभर्ना सम्वन्धित निकायसँग माग गर्नेगरि भुक्तानी गर्न सहमति मा गर्ने ।

निर्णय नं १४

शिक्षा ब्यवस्थापन समिति र कर्मचारी ब्यवस्थापन सम्वन्धि मापदण्ड वने पश्चात भएको निर्णयानुसार हुने गरि हाल करार र दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको बढिमा ६ महिनाको लागि म्याद थप/निरन्तरता गर्न सहमति माग गर्ने ।

निर्णय नं १५
बेलका नगरपालिका वडा नं. १, २, ३, ४, ५ मा रहेको राष्ट्रिय वनलाई साझेदारी वन वनाउनका लागि आवस्यक प्रकृयामा लैजान सम्वन्धित निकायलाई अनुरोध गर्न सहमति माग गर्ने ।

निर्णय नं १६
कोशी प्रदेश स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन २०८० मा भएको ब्यवस्था बमोजिम योग्यता पुगेका कर्मचारीहरुको तह बृद्धि/ तह मिलान/ बढुवा अनुमोदन गर्न अनुरोध गर्ने ।

निर्णय नं १७
कोशी जनता मा.वि. बेलका ३ को भवन निर्माण तथा बेलका ५ को सुपाडे रानी पधेरा हुदै शिखरमाडी भोजपुर जोड्ने सडकको परियोजना प्रस्ताव निर्माण गर्न वजेट ब्यवस्थापन र योजना तथा कार्यक्रम निर्माणका लागि अनुरवध गर्ने ।

निर्णय नं १८
बेलका नगरपालिका वडा नं. ४ मा रहेको सिसुवा खोलालाई नक्सा बमोजिम कायम गर्न वातावरणीय अध्ययन गरी आवस्यक प्रकृया अगाडी बढाउन सहमति माग गर्ने ।

निर्णय नं १९
बेलका नगरपालिकाको बाह्रौ नगरसभाको निर्णय नं. ३२ मा भएको ब्यवस्थामा अन्य सवारी चालक भन्नाले नगर उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृत सवार हुने सवारी साधनका चालकलाई बुझाउनेछ भन्ने स्पष्टताका लागि अनुरोध गर्ने ।

निर्णय नं २०
बेलका नगरपालिका अन्तरगतका वडा कार्यालयमा रहेको प्राविधिक सहायक असिस्टेन्ट सव ईन्जिनियर सव ईन्जिनियर पद विविध कारणवाट रिक्त भएमा नजिकमा रहेको अन्य वडामा कार्यरत प्राविधिक कर्मचारीलाई खटाउन सकिनेछ साथै थप जिम्मेवारी प्रदान गरे संगै निजलाई मासिक रु५०००।– प्रोत्साहन खर्च र मासिक ५ लिटर अतिरक्त ईन्धन उपलब्ध गराउन सहमति माग गर्ने ।

निर्णय नं २१
२०८० साल श्रावण/भाद्र महिनामा सप्तकोशी नदीमा भएको विपदको तत्काल रोकथामका लागि नदी कटान नियन्त्रणक्रममा कोठु खोलाको विग बोल्डर प्रयोग हुदा भएका खर्च रकमको भुक्तानी माग सम्वन्धमा वडागत किटानी मुचुल्का सार्वजनिक सुनुवाई तथा स्थलगत प्रतिवेदन तयार गरि जिल्ला विपद ब्यवस्थापन समितिसंगको समन्वयमा मुल्यांकनका लागि अनुरोध गर्ने र मुल्यांकन पश्चात विपद ब्यवस्थापन शिर्षकवाट भुक्तानी दिन सहमति माग गर्ने ।

निर्णय नं. २२
बेलका नगरपालिका भित्रका नदिजन्य पदार्थको ठेक्का ब्यवस्थापन पश्चात खोला रहेको वडाको वडाध्यक्षको संयोजकत्वमा वडास्तरिय प्रति वडा एक वटा सहजिकरण समिति र वडाध्यक्षको अध्यक्षतामा प्रति वडा एक वटा अनुगमन समिति गठन गर्ने सो सहजिकरण समिति र अनुगमन समितिमा रहने सदस्य नगर कार्यपालिकाले गरेको निर्णय बमोजिम हुने । साथै नगर प्रमुखको संयोजकत्वमा स्थानीय सुरक्षा निकाय समेतको समन्वयमा नगर स्तरिय सहजिकरण समिति तथा एक अनुगमन समिति गठन गर्ने र हरेक १५/१५ दिनमा अनुगमन समितिको प्रतिवेदन नगर कार्यपालिकामा पेश हुने र छलफल गरि आवस्यक निर्णय लिन आवस्यक निर्णयका लागि अनुरोध गर्ने ।

निर्णय नं. २३
नदिजन्य पदार्थ नियमन सहजिकरणका लागि नगर कार्यपालिकाले तोकेको संख्यामा म्यादी नगर प्रहरी २०८१ साल जेष्ठ मसान्त सम्मका लागि प्रतिस्पर्धात्मक ब्यवस्था बमोजिम नियुक्ति गर्ने र म्यादी नगर प्रहरीलाई उपलब्ध गराउने सेवा सुविधा नियमानुसार नगर कार्यपालिकाले तोक्ने ब्यवस्थाका लागि सहमति माग गर्ने ।

निर्णय नं २४
सप्तकोशी नदिको चतरा पुल दक्षिण भागमा अधिक मात्रामा नदिजन्य पदार्थ थुप्रिएर विपदजन्य अवस्था आउने सम्भावना अधिक भएकोले सो क्षेत्रमा रहेको नदिजन्य पदार्थ ब्यवस्थापन गरी सम्भावित बाढी कटान लगायतका जोखिम न्युनिकरणका लागि आवस्यक कार्य गरिदिनका लागि सम्वन्धित निकायहरुलाई अनुरोध गर्न सहमति माग गर्ने ।

निर्णय नं. २५
बेलका नगरपालिका र आसपासका पर्यटकीयक्षेत्रको पहिचान गरि पर्यटकीय क्षेत्रहरुको विकास प्रवर्धन र प्रचार प्रसारका लागि पर्यटन गुरुयोजना निर्माणका लागि आवस्यक वजेट ब्यवस्थापनका लागि अनुरोध गर्ने ।